बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

सिन्धुली

## धानको पतेरो (Rice bug):

पहिचानः वयस्क पतेरो खैरोमा हरियो मिसिएको हुन्छ भने बच्चा पतेरो हरियो हुन्छ । यसलाई समातेर विस्तारै थिच्दा नराम्रो गन्ध छोड्छ ।

क्षतिको लक्षणः पातमा बढी आक्रमण भएमा बोटनै पहेंलिने हुन्छ र बालामा आक्रमण गरेको छ भने दानाहरुमा खैरो दाग देखिने, दानाहरु फोस्रा हुने अथवा आधा फोस्रिएका दाना हुने गर्दछन् ।

व्यवस्थापनका विधिहरु :

- ✓ खेतको सरसफाइ गरि पतेरोको बैकल्पिक आश्रय स्थल नष्ट गर्ने ।
- ✓ एकै समयमा पाक्ने धानको जातहरु लगाउने ।
- ✓ प्रकाश पासोको प्रयोग गर्ने ।
- ✓ डर्टी ट्र्यापको प्रयोग गर्ने, यसको लागि गाई भैंसीको ताजा पिसाबमा कपडा वा जुटको बोरालाइ भिजाएर एउटा घोचोको एक छेउमा बाध्ने र उक्त घोचोलाई धान बारीको बीचमा लगेर गाड्नुपर्दछ । ट्र्यापमा आकर्षित भएका पतेरोहरुलाई बाहिर पट्टिबाट प्लाष्टिक झोलाले छोपी संकलन गरी मार्ने ।
- ✓ यो किराको प्रकोप ज्यादा भएमा अन्तिम बिकल्पको रुपमा कीटनासक विषादी जस्तै मालाथियन ५० % इ सी २ मिलि अथवा साइपरमेथ्रिन २५% इ सी वा फेन्भेलेरेट २० % इ सी ०.५ मिलि प्रति लिटर पानीका दरले कुनै एक विषादी बिरुवा राम्ररी भिज्ने गरी छर्नुपर्दछ ।



चित्रः वयस्क पतेरो र यसको क्षति

संकलक तथा तयारकर्ताः विशेषज्ञ सेवा शाखा, कृषि विकास कार्यालय, सिन्धुली